महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

मिति : २०७८/०२/०८

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको चार वर्षको अवधिमा महालेखापरीक्षकको कार्यालयबाट सम्पादित प्रमुख कार्यहरु

सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधान बमोजिम मिति २०७४/०२/०८ मा नेपालको महालेखापरीक्षकमा नियुक्त हुनु भएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा "दंगालज्यू" ले कार्यभार सम्हाल्नु भएको २०७८/०२/०८ गते चार वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश भएको छ । महालेखापरीक्षकमा नियुक्त भई पदबहाली गरेको दिन अर्थात २०७४।०२।०८ गतेदेखी नै माननीय महालेखापरीक्षकज्यूले नेपालको संविधानको धारा २४१ बमोजिमको काम, कर्तव्य र अधिकार प्रभावकारी रुपमा कार्य सम्पादन गर्न **६ बर्षे कार्ययोजना** स्वीकृत गर्नु भएको थियो । उक्त ६ बर्षे कार्ययोजनामा उल्लेखित सुधारका क्षेत्रहरु **संगठनात्मक व्यवस्था एवं कार्यप्रणाली, नीतिगत तथा कानूनी व्यवस्था, लेखापरीक्षण विधि र प्रक्रिया, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर, वित्तीय अनुशासन र जवाफदेहिता, संस्थागत सम्बन्ध र संचार** आदिमा केन्द्रित रही माननीय महालेखापरीक्षको निर्देशन बमोजिम दैनिक प्रशासनिक तथा लेखापरीक्षण व्यवस्थापन सम्बन्धी कार्यसम्पादन हुदैं आएको छ । माननीय महालेखापरीक्षकज्यूले नेतृत्व प्रदान गरेको यस ४ बर्षे अवधिमा महालेखापरीक्षकको कार्यालयबाट **सम्पादित प्रमुख कार्य** तथा **सुधारका क्षेत्र**हरु देहाय बमोजिम रहेका छन्:

१. संगठनात्मक व्यवस्था र कार्य प्रणाली

१.१. नेपालको संविधान र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तह समेतको लेखापरीक्षण गर्नुपर्ने कार्यबोझको आधारमा प्रदेशस्तरसम्म कार्यालय स्थापना गर्ने प्रयोजनका लागि व्यवस्थापन सर्वेक्षण गरी तयार गरिएको संगठन संरचना नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५

आषाढ ३२ गते स्वीकृती भएको छ। स्थानीय तहको लेखापरीक्षणमा बढ्दो कार्यबोझका आधारमा पुनः व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरबन्दी सहितको संगठन संरचना स्वीकृतिका लागि २०७६।११।२९ मा नेपाल सरकार समक्ष पेश भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत हुन बाँकी रहेको छ।

१.२. नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५ आषाढ ३२ गते स्वीकृत संगठन संरचना अनुसार विभाग ४, महानिर्देशनालय १४ र निर्देशनालय ३५ गठन गरी कार्यसंचालन गर्ने व्यवस्था मिलाइएको छ । उक्त १४ महानिर्देशनालय तथा ३५ निर्देशनालयमध्ये प्रदेश तथा स्थानीय तहको लेखापरीक्षणको लागि ३ महानिर्देशनालय र ७ निर्देशनालय गठन गरिएको छ । साथै विभाग, महानिर्देशनालय तथा निर्देशनलायको कार्यविवरण स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।

१.३. विभाग, महानिर्देशनालय तथा निर्देशनालयको कार्य व्यवस्थापनमा द्वितर्फी संचार व्यबस्था अर्थात् माथिबाट तलसम्म तथा तलबाट माथिसम्म संचार (Upward to downward and Downward to upwards communication system) गर्ने व्यवस्था मिलाईएको।

१.४. लेखापरीक्षण तथा अन्य प्रशासनिक कार्य व्यवस्थापनका लागि माननीय महालेखापरीक्षकज्यूबाट उप महालेखापरीक्षकमा, उप-महालेखापरीक्षकबाट नायव-महालेखापरीक्षकमा र नायव-महालेखापरीक्षक बाट निर्देशक तहमा अधिकार प्रत्यायोजनको व्यवस्था मिलाईएको।

१.५. लेखापरीक्षण कार्यप्रणालीका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System - NAMS), आर्थिक प्रशासन तथा लेखा प्रणाली (CGAS), सम्पत्ति व्यवस्थापन प्रणाली (Asset Management System) कार्यान्वयनमा ल्याइएको।

१.६. विभाग, महानिर्देशनालय र निर्देशनालय तथा सबै कर्मचारीहरुमा द्रुत संचारको लागि ई-डिजिटल प्रणालीमार्फत निर्णय, सूचना, विवरण तथा जानकारीहरु संचार गर्ने व्यवस्था मिलाईएको।

१.७. प्रशासनिक तथा लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा देखिएका समस्याहरु तत्काल समाधान गर्नका लागि माननीय महालेखापरीक्षकज्यूको संयोजकत्वमा गठित केन्द्रिय समन्वय ईकाईमा प्रस्ताव पेश गरी निर्णय गर्ने व्यवस्था मिलाईएको।

२. जनशक्ति तथा क्षमता विकास

२.१. स्वीकृत संगठन संरचना अनुसार कार्यालयको कुल कर्मचारी दरबन्दी संख्या ४४८ बाट वृद्धि भई ६१४ पुगेको छ। जस अनुसार उप-महालेखापरीक्षकको नेतृत्वमा ४ लेखापरीक्षण विभाग, नायव-

महालेखापरीक्षकको नेतृत्वमा प्रादेशिक ३ सहित १४ लेखापरीक्षण महानिर्देशनालय र माननीय महालेखापरीक्षकज्यूको सचिवालय सहित ३५ निर्देशनालयहरुमा कार्यरत कर्मचारीहरुको पदस्थापना गरी काम गर्ने गराउने व्यवस्था गरिएको ।

२.२. बिगत ४ बर्षको अवधिमा उप-महालेखापरीक्षक २, नायव-महालेखापरीक्षक ८, निर्देशक २८, लेखापरीक्षण अधिकारी ७१ र लेखापरीक्षण अधीक्षक ५७ पदमा १६६ कर्मचारीहरु लोक सेवा आयोगको सिफारिसमा खुला तथा बढुवाको माध्यमबाट पदपूर्ति भएको ।

२.३. कर्मचारी क्षमता विकासका लागि आन्तरिक तालिम तथा स्वदेशी कार्यक्रममा कर्मचारीको सहभागिता गराउने कार्यलाई निरन्तरता दिईएको छ । विगत ४ बर्षको अवधिमा स्वदेशी तालिम गोष्ठी सेमिनारमा ३७९ जना र वैदेशिक तालिम गोष्ठी सेमिनारमा २१४ जना कर्मचारीको सहभागिता रहेको ।

२.४. विश्वव्यापी रुपमा देखा परेको कोरोना भाईरस संक्रमण र बन्दाबन्दीका अवधिमा समेत कर्मचारीहरुको क्षमता विकासका लागि भर्चुअल माध्यमबाट विभिन्न स्वदेशी तथा वैदेशिक तालिम, गोष्ठी र सेमिनारहरुमा ४०० भन्दा बढी कर्मचारीलाई सहभागी गराईएको ।

२.५. मित्रराष्ट्र चीन सरकारको सहयोगमा ५, जापान सरकारको सहयोगमा २, दक्षिण कोरिया सरकारको सहयोगमा १ समेत ८ कर्मचारीहरु विदेशी विश्वविद्यालयबाट लेखापरीक्षण तथा सार्वजनिक प्रशासन विषयमा स्नाकोत्तर उपाधि हासिल गरी स्वदेश फिर्ता भएका ।

३. कानूनी तथा नीतिगत व्यवस्था

३.१. नेपालको संविधान अनुसार लेखापरीक्षण कानूनलाई समयानुकुल बनाउन लेखापरीक्षण ऐन, २०७५ सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई मिति २०७५ चैत्र १५ गते राजपत्रमा प्रकाशित भएको छ । उक्त ऐनमा लेखापरीक्षणका नीतिगत र सैद्धान्तिक विषयहरुमा थप कानूनी स्पष्टता तथा व्यवस्था गरिएको छ । उक्त ऐनमा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने निकाय, वित्तीय लेखापरीक्षणको अतिरिक्त छनौटको आधारमा सूचना प्रविधि, कार्यमूलक, लैंगिक, विधि विज्ञान, वातावरण जस्ता विविध विषयको लेखापरीक्षण गर्ने व्यवस्था छ । त्यस्तै ऐनले सामयिक लेखापरीक्षण, अनुदान तथा सहायताको लेखापरीक्षणको सम्बन्धमा स्पष्ट पार्दै लेखापरीक्षण गर्ने विषयका सम्बन्धमा थप स्पष्टता गरेको ।

३.२. नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ती) नियमहरु, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको छ । नियमावलीले सेवामा रहने पद तथा सो पदका लागि आवश्यक न्यूनतम् योग्यताका बारेमा स्पष्ट गरेको ।

३.३. लेखापरीक्षणसँग सम्बन्धित कानूनी तथा नीतिगत र प्रक्रियागत पक्षमा सुधार गर्न लेखापरीक्षण नियमावली र लेखापरीक्षण सेवाका कर्मचारीको पुरस्कार सम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्ने कार्य भईरहेको ।

३.४. लेखापरीक्षणको गुणस्तर सुधार, क्षमता विकास, भौतिक पूर्वाधार विकास तथा संगठनात्मक सुधार लगायतका विषयसँग सम्बन्धित क्रियाकलापहरु समावेश गरी ल्याइएको महालेखापरीक्षकको कार्ययोजना (२०७४-२०८०) कार्यान्वयनमा रहेको ।

३.५. स्थानीय तहको लेखापरीक्षण कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउन स्थानीय तहको लेखापरीक्षण सम्बन्धी निर्देशिका, २०७६ जारी गरिएको छ भने साविकको बेरुजू वर्गीकरण निर्देशिकालाई परिमार्जन गरी बेरुजू वर्गीकरण निर्देशिका, २०७६ जारी गरिएको ।

३.६. महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजना मार्फत् अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकुल हुने गरी विषयगत लेखापरीक्षण मार्गदर्शन अद्यावधिक, परिमार्जन र तर्जुमा गर्ने कार्य अन्तिम चरणमा पुगेको ।

४. भौतिक पूर्वाधार व्यबस्थापन

४.१. सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट मिति २०७४ मंसिर १८ गते शिलान्यास भएको काठमाण्डौँ, अनामनगरस्थित कार्यालय भवन निर्माण कार्य सम्पन्न हुने चरणमा पुगेको छ । नयाँ भवन नबनेसम्मका लागि बबरमहलस्थित भवन २०७२ सालको भुकम्पले क्षतिग्रस्त भएकोले बबरमहल, पुल्चोक, ताहाचल, डिल्लीबजार, अनामनगर लगायत ६ स्थानबाट कार्यालय संचालनको व्यवस्था मिलाएको ।

४.२. यस अवधिमा कार्यालयमा थप १२ चार पाङ्ग्रे र ५० दुई पाङ्ग्रे समेत जम्मा ६२ सवारी साधनहरु प्राप्त गरी दैनिक कार्य सञ्चालनमा ल्याईएको ।

४.३. स्थलगत लेखापरीक्षण कार्य सहजताका लागि गत वर्ष ५० र यस वर्ष ७० गरी जम्मा १२० ल्यापटप खरिद गरी कार्यरत अधिकांश कर्मचारीहरुलाई ल्यापटप सुविधा उपलब्ध गराईएको छ भने ५० ल्यापटप खरिदको प्रक्रियामा रहेको ।

४.४. पुल्चोक, ताहाचल, डिल्लीबजार, अनामनगर स्थित सबै कार्यालयमा ईन्टरनेट सुविधा विस्तार गरी कार्यालय समयमा भर्चुअल माध्यमबाट बैठक आयोजना गर्ने, सूचना तथा विवरण आदान प्रदान गर्ने तथा कर्मचारीहरुमा आन्तरिक संचार गर्ने व्यवस्था मिलाएको ।

४.५. कार्यालयको पूर्वाधार व्यवस्थापनलाई प्राथमिकता दिई कार्यवातावरण अनुकूल बनाउन प्रयास गरिएको ।

५. **लेखापरीक्षण विधिमा सुधार**

५.१. वित्तीय, नियमितता र कार्यमूलक लेखापरीक्षणको अवधारणा अनुसार लेखापरीक्षण विधि अवलम्वन गरी लेखापरीक्षण गर्ने प्रक्रियाको शुरुवात गरिएको छ । कार्यमुलक लेखापरीक्षणलाई सहभागितात्मक बनाउने प्रयोजनार्थ प्रदेशगत रुपमा २६६ जना व्यक्तिलाई नागरिक लेखापरीक्षण सम्बन्धी तालिम प्रदान गरी कार्यमूलक लेखापरीक्षणमा संलग्न गराईएको ।

५.२. लेखापरीक्षण गर्ने निकायको जोखिम मुल्यांकनका आधारमा उच्च, मध्यम र न्यून जोखिममा वर्गिकरण गरी जोखिमको प्रकृति अनुसार लेखापरीक्षण विधि अवलम्वन गर्ने कार्यको शुरुवात गरिएको ।

५.३. कोभिड १९ को प्रभाव अध्ययन गरी मध्यम र न्यून जोखिमका कार्यालयको **दुर लेखापरीक्षण पद्दति** (Remote auditing system) अनुसार लेखापरीक्षण गर्ने कार्यको शुरुवात भएको ।

५.४. वार्षिक लेखापरीक्षण योजना अनुसार मन्त्रालयगत लेखापरीक्षण योजना र मन्त्रालयगत लेखापरीक्षण योजना अनुसार कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा गरी लेखापरीक्षण गर्ने पद्दतिको शुरुवात भएको ।

५.५. लेखापरीक्षण योजनामा उल्लेखित उद्देश्य र कार्यक्रममा आधारित रही लेखापरीक्षण गर्ने, प्रमाण संकलन गर्ने, विश्लेषण गर्ने र लेखापरीक्षण निश्कर्ष निकाल्ने पद्धतिको विकास गरिएको ।

५.६. लेखापरीक्षणमा प्रक्रियागत पक्षको अलावा नतिजामूलक एवं समस्या केन्द्रित लेखापरीक्षणमा जोड दिइएको ।

५.७. आयोजना, भौतिक निर्माण कार्य तथा कार्यक्रम संचालनको कागजात परीक्षणको अलवा स्थलगत निरीक्षण तथा अवलोकन गर्ने पद्दतिमा जोड दिइएको ।

६. आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार

६.१. सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासका लागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित विषयमा सुधारको कार्यलाई निरन्तरता दिईएको ।

६.२. इन्टोसाई लेखापरीक्षण मानदण्ड अनुसार २०७७ श्रावण देखि लागु हुने गरी लेखापरीक्षणका मानदण्ड, आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको ।

६.३. लेखापरीक्षणमा देखिएको कार्य बोझ, जोखिम, जनशक्ति, क्षमता समेतका आधारमा जोखिममा आधारित लेखापरीक्षण पद्दतिको अवलम्बन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अनुगमन, सुपरीवेक्षण, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्यलाई विशेष प्राथमिकता दिइएको ।

६.४. लेखापरीक्षण कार्य शुरु गर्नुपूर्व र लेखापरीक्षण सम्पन्न भए पश्चात् देखिएका प्रमुख विषय तथा व्यहोराहरु उपर जिम्मेवार पदाधिकारी लगायत केन्द्रीयस्तरमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरु छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ । सार्वजनिक संस्थान तथा संगठित संस्थामा खटिएका लेखापरीक्षकहरुसँग नियमित अन्तरक्रिया तथा छलफल गरी लेखापरीक्षणको गुणस्तर नियन्त्रण कार्यमा ध्यान दिईएको ।

६.५. कार्यमूलक लेखापरीक्षणको क्षेत्र र दायरा बिस्तार गर्न कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालयका अलवा अन्य सम्बन्धित निर्देशनालयहरु समेतको संलग्नतामा कार्यमूलक तथा विशेष लेखापरीक्षण गर्ने नीति अवलम्वन गरिएको ।

६.६. कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना संकलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी र सम्प्रेषण तथा त्यसको बहस पैरवी कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई प्राथमिकता दिइएको ।

६.७. सार्वजनिक निर्माण, आर्थिक क्षेत्र तथा कार्यमूलक एवं विशेष लेखापरीक्षणमा विषयविज्ञको परामर्श सेवा लिई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइएको ।

७. वित्तीय अनुशासन र जवाफदेहिता

७.१. नेपाल सरकारका सचिव, विभागीय प्रमुख र एक अर्बभन्दा बढी रकमको आयोजना प्रमुख जस्ता पदमा विशेष जिम्मेवारी दिँदा महालेखापरीक्षकको कार्यालयबाट वित्तीय अनुशासन पालनाको

विवरण लिई वित्तीय जवाफदेहिता पालनास्तर समेतको आधार लिने पद्दति कार्यान्वयनको प्रकृयामा रहेको ।

७.२. कार्यालय र जिम्मेवार पदाधिकारीको वित्तीय जवाफदेहिताको स्तर मूल्यांकन गरी लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गर्ने कार्यको शुरुवात गरिएको ।

७.३. लेखापरीक्षणको मुख्य उद्देश्य वित्तीय अनुशासन र जवाफदेहितामा प्रर्बद्धन गर्ने हो । उक्त उद्देश्य पुरा गर्न प्रत्येक बर्ष करिब ६ हजार कार्यालयको लेखापरीक्षण गरी सुझाव सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा प्रेषित गरिएको ।

७.४. सरकारी कार्यालयको लेखापरीक्षणबाट मुख्यतः नियम कानून पुरा नगरेको अनियमित, बढी भुक्तानी दिएको वा घटी रकम असुल गरेकोमा असुल गर्नुपर्ने र फर्स्यौट गर्न बाँकी रहेको पेश्की बेरुजु औल्याई वित्तीय जवाफदेहिता पालना गर्न प्रेरित गर्ने गरेको ।

७.५. महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन अनुसार ६ हजार ६०७ कार्यालयको रु. ४६ खर्व ८७ अर्व ९१ करोड, ५६ औं वार्षिक प्रतिवेदन अनुसार ६ हजार ६४४ कार्यालयको रु. ५१ खर्व ६० अर्व ९२ करोड र ५७ औं वार्षिक प्रतिवेदनमा अनुसार ५ हजार ६१९ कार्यालयको रु. ५१ खर्व ७१ अर्व ६४ करोड समेत रु.१५० खर्व २० अर्व ४७ करोडको लेखापरीक्षण सम्पन्न भएको छ भने उक्त अवधीमा नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणका लागि परामर्श दिईएको छ । सरकारी कार्यालयहरुको लेखापरीक्षणबाट घटी राजस्व असुल गरेको कोषमा मौज्दात निष्क्रिय राखेको बढी भुक्तानी गरेको र प्रचलित कानूनको पालना नगरी खर्च गरेको रु. ३१ अर्व २६ करोड असुली भई संचित कोष दाखिला भएको ।

७.६. विगत वर्षदेखि लेखापरीक्षण बक्यौता रहेका सार्वजनिक संस्था, कार्यालय र निकायको लेखापरीक्षण सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ । लेखापरीक्षणका माध्यमबाट वित्तीय जवाफदेहिता पालना गर्न सबै निकायलाई अभिप्रेरित गरिएको ।

८. संस्थागत सुदृढीकरण

८.१. लेखापरीक्षणका क्षेत्रमा सहयोग गर्न तथा महालेखापरीक्षकको कार्य योजना (२०७४-२०८०) कार्यान्वयनका लागि विश्व बैंकको सहयोगमा रु.४० करोड खर्च गर्ने गरी महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजना मिति २०७५ आषाढ १३ देखि कार्यान्वयनमा आएको

छ । २०७८ आषाढसम्म संचालन हुने यस आयोजनाबाट लेखापरीक्षण मानदण्डमा समसामयिक सुधार, संशोधन तथा परिमार्जज गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधि आधारित विद्युतीय लेखापरीक्षण प्रणाली कार्यान्वयनमा ल्याउने, लेखापरीक्षणमा नागरिक सहभागिता अभिवृद्धि गर्ने जस्ता प्रमुख उद्देश्यहरु रहेको ।

८.२. विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (इन्टोसाई) ले स्वीकृत गरेको लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापदण्ड (Supreme Audit Institute performance framework measurement – SAI PFM) अनुसार महालेखापरीक्षकको कार्यालयले थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट आफ्नो कार्यसम्पादनको मूल्यांकन गराई सोको प्रारम्भिक मस्यौदा प्रतिवेदन प्राप्त गरेको छ अन्तिम प्रतिवेदन प्राप्त हुने क्रममा रहेको । उक्त प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका सुधार गर्नुपर्ने विषयहरुलाई आगामी रणनैतिक योजना तथा बार्षिक कार्यक्रममा समावेश गरी सुधार गरिने ।

८.३. महालेखापरीक्षकको कार्यालयले चौथो रणनैतिक योजना (२०२१ देखि २०२५) तयार गरी लेखापरीक्षण संस्थाको गन्तव्य लक्ष्य उद्देश्य कार्यक्रम पहिचान सहित स्वीकृत गर्ने चरणमा रहेको ।

९. अन्तर्राष्ट्रिय सम्बन्ध

९.१. भियतनामको राजधानी हनोईमा भएको एसियाली सर्वोच्च लेखापरीक्षण संस्था (एसोसाई) को १४ औं साधारण सभाबाट नेपाल सन् २०१८ देखि ३ वर्षका लागि गभर्निङ्ग बोर्डको सदस्यमा पुनः निर्वाचित भएको । सन् २०२० जुलाई २७ (२०७७ श्रावण १२) मा भएको गभर्निङ्ग बोर्डको ५५औं भर्चुअल बैठकमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल लगायत कार्यालयका अन्य कर्मचारीहरुले सहभागिता रहेको ।

९.२. रसियाको राजधानी मस्कोमा आयेजित सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठनको २३ औं महासभामा नेपालका माननीय महालेखापरीक्षक सहितको प्रतिनिधी मण्डलले भाग लिएको ।

९.३. भुटानका महालेखापरीक्षक श्री दासो छिरिङ्ग केजाङ, थाईल्याण्डका State Audit Commissioner, Mr. Sansern Poljieak सहितको टोलीले नेपालको भ्रमण गरेको अवसरमा द्विपक्षीय सहयोगका बारेमा छलफल गरी समझदारी पत्रमा हस्ताक्षर भएको । त्यस्तै,

पाकिस्तानका महालेखापरीक्षक श्री जाभेद जेहान्गिर र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र बीच द्विपक्षीय सहयोगका लागि एक समझदारी पत्रमा हस्ताक्षर गरिएको ।

९.४. विश्व बैंक समूहका Vice-President and Auditor General Ms. Anke D' Angelo को नेपालको भ्रमणको अवसरमा सार्वजनिक वित्तीय प्रशासन र आर्थिक अनुशासन, जिम्मेवारी र जवाफदेहिताको विषयमा महालेखापरीक्षकको कार्यालयमा एक अर्न्तक्रिया सम्पन्न भएको ।

९.५. महालेखापरीक्षकको कार्यालय र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) अर्न्तगतको इन्टोसाई डेभलप्मेन्ट इनिसियटिभ (IDI) को संयुक्त आयोजनामा अन्तर्राष्ट्रियस्तरको "SAI FIGHTING CORRUPTION" र एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनको संयुक्त आयोजनामा गुणस्तर नियन्त्रण तथा आश्वस्तता सम्बन्धी अन्तर्राष्ट्रियस्तरको कार्यशाला आयोजना गरिएको ।

९.६. ईजरायलको जेरुसेलममा आयोजित एसियाली मुलुकका सर्बोच्च लेखापरीक्षण संस्थाहरुको सम्मेलन तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन तथा एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनका अन्य विविध कार्यक्रमहरु तथा संयुक्त राष्ट्र संघ मुख्यालय न्यूयोर्कमा आयोजित दिगो विकास लक्ष्य सम्बन्धी कार्यक्रममा नेपालको तर्फबाट महालखेापरीक्षक एवं कार्यालयका विभिन्न पदाधिकारीहरुले सहभागिता जनाएको ।

९.७. विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरु, विश्व बैंक समूह, एशियाली विकास बैंक, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरु लगायत यस क्षेत्रमा क्रियाशिल अन्तर्राष्ट्रिय निकायहरुसँग द्विपक्षीय सम्बन्ध कायम गरी आपसी हित र क्षमता विकासका कार्यलाई प्राथमिकता दिइएको ।

१०. सरोकारवाला सम्बन्ध र संचार

१०.१. सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायधीशज्यू, संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू लगायतका पदाधिकारीहरुसँग लेखापरीक्षणका विविध पक्षहरु बारे छलफल गरी प्राप्त सुझाव समेतका आधारमा लेखापरीक्षणको योजना तर्जुमा र कार्यान्वयन गर्ने गरिएको ।

१०.२. सात वटै प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, प्रदेशसभाका माननीय सभामुख र उप-सभामुखज्यूहरु तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु लगायत संघ,

प्रदेश र स्थानीय तहका लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख तथा लेखा प्रमुख, सार्वजनिक संस्थानका पदाधिकारीहरुसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई निरन्तरता दिईएको ।

१०.३. संघीय संसदको सार्वजनिक लेखा समिति तथा प्रदेश सभाको सार्वजनिक लेखा समितिसँग निकट समन्वय र सम्पर्कमा रही लेखापरीक्षणका विविध विषय तथा वार्षिक प्रतिवेदन माथी हुने छलफललाई प्रभावकारी र नतिजामूखी बनाउने प्रयत्न गरिएको ।

१०.४. संवैधानिक निकाय, लेखापरीक्षण सल्लाहकार समिति, नागरिक समाज तथा यस क्षेत्रमा क्रियाशील संस्थाहरुसँग सहकार्य गर्ने नीति अनुसार कार्य सम्पादन हुँदै आएको ।

१०.५. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेश भए पश्चात् पत्रकार सम्मेलन मार्फत् विभिन्न माध्यमहरुबाट प्रतिवेदन सार्वजनिक गर्ने गरिएको ।

१०.६. लेखापरीक्षण र वित्तीय जवाफदेहिता सम्बन्धी गतिविधिहरुका सम्बन्धमा नियमित रुपमा लेखापरीक्षण बुलेटिन, लेखापरीक्षण पत्रिका, वार्षिक प्रगति प्रतिवेदन, सूचनामूलक ब्रोसर, प्रेस विज्ञप्ति आदीको प्रकाशन, प्रशारण र वितरणको व्यवस्था मिलाईएको ।

११. लेखा ढाँचा र फाराम स्वीकृत

११.१. प्रदेश तथा स्थानीय तहका संरचनामा समेत अनुकूल हुने गरी महालेखानियन्त्रकको कार्यालयले संशोधन तथा परिमार्जन गरी अर्थ मन्त्रालय मार्फत पेस गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ र नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदनको ढाँचा (म.ले.प.फा.नं. २१० (क) तथा म.ले.प.फा.नं. २१०(ख) महालेखापरीक्षकबाट क्रमशः मिति २०७५ भाद्र ५ र मिति २०७५ मार्ग ९ मा स्वीकृत भई कार्यान्वयनमा आएको ।

११.२. संघ, प्रदेश र स्थानीय तह समेत तीन वटै सरकारका विद्यमान लेखा र प्रतिवेदन ढाँचामा परिवर्तन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरुप संशोधन, परिमार्जन र थप समेत गरी महालेखानियन्त्रक कार्यालयले पेश गरेका १४१ लेखा ढाँचाहरु २०७६ जेष्ठ १९ मा माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भई कार्यान्वयनमा आएको ।

११.३. लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षण गुणस्तर अभिवृद्धि गर्न साविकमा स्वीकृत भएका सरकारी लेखापरीक्षण मानदण्ड एवं सरकारी लेखापरीक्षण नीति मानदण्ड खारेज गरी "नेपाल सरकारी लेखापरीक्षण मान" (Nepal Government Auditing

Standards, NGAS) २०७७/०४/०१ देखि कार्यान्वयनमा ल्याउन माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भएको ।

१२. कार्यालयको वार्षिक कार्यक्रम आयोजना

१२.१. सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयको ५९ औं र ६० औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो । तत्कालिन सम्माननीय सभामुख श्री कृष्णबहादुर महराज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयको ६१ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको ।

१३. वार्षिक प्रतिवेदनको प्रस्तुतीकरण

१३.१. नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ५५ औं (२०७३/७४), ५६ औं (२०७४/७५) र ५७ औं (२०७५/७६) वार्षिक प्रतिवेदन पेश गरिएको थियो । ५६ औं र ५७ औं वार्षिक प्रतिवेदन संघीयता कार्यान्वयन पश्चात् तीनै तह (संघ, प्रदेश र स्थानीय) को सरकारको एकीकृत रुपको प्रतिवेदन रहेको ।

१३.२. प्रदेश सरकार तथा मातहतका निकायबाट आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ सम्पादित कार्य तथा तथा आर्थिक कारोबारका सम्बन्धमा लेखापरीक्षण गरी प्रदेशगत रुपमा तयार पारिएका वार्षिक प्रतिवेदनहरु सम्बन्धित प्रदेश प्रमुखज्यूहरु समक्ष पेश गरिएको ।

१३.३. आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ मा स्थानीय तहहरुबाट सम्पादित कार्य तथा आर्थिक कारोबार सम्बन्धमा क्रमशः ७३८, ७४७ र ७४३ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी छुट्टाछुटै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएको ।

१३.४. कार्यमूलक तथा विशेष लेखापरीक्षणलाई प्राथमिकता दिने नीति अनुरुप ५५ औं, ५६ औं र ५७ औं वार्षिक प्रतिवेदनमा क्रमशः ९, २८ र १७ विषयमा कार्यमूलक तथा विशेष लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गरिएको ।

१३.५. सार्वजनिक निकायबाट सम्पादित कार्यको स्वतन्त्र र निष्पक्ष मूल्यांकन गरी सरोकारवालालाई सुसूचित गराउने उद्देश्यले वार्षिक प्रतिवेदनका सारभूत विषयहरु समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार पार्ने पारिएको ।

१३.६. आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण कार्य अन्तिम चरणमा पुगी ५८ औं वार्षिक प्रतिवेदन तयारीको कार्य प्रारम्भ भएको छ । अवस्थामा विश्वव्यापी रुपमा देखा परेको कोरना भाइरस संक्रमण र बन्दाबन्दीका कारणले वार्षिक प्रतिवेदन तयारी कार्य केही प्रभावित हुन पुगेको छ ।

१४. **निश्कर्ष**

विगत ४ बर्षमा गरिएको संस्थागत, नीतिगत, प्रक्रियागत एवं संरचनागत सुधारका उपरोक्त मुख्य विषयहरुलाई निरन्तरता दिई आगामी दिनमा थप सुधार गर्दै माननीय महालेखापरीक्षकज्यूको नेतृत्वमा सबै कर्मचारीको सामूहिक प्रतिबद्धता सहित संस्थाको गन्तव्य, लक्ष्य तथा उद्देश्य प्राप्तिमा क्रियाशिल रहनुपर्ने आवश्यकता देखिएको छ ।

महेश्वर काफ्ले

नायव महालेखापरीक्षक

नायब महालेखापरीक्षक